वर्ष ५, अंक ७, कार्तिक

# अपराध अनुसन्धान

## मासिक ई-वुलेटिन








**नेपाल प्रहरी प्रधान कार्यालय**

**अपराध अनुसन्धान विभाग**

""वस्तुनिष्ठ अपराध अनुसन्धान मानव अधिकारको सम्मान""

# विषय सूची

**प्रमुख सल्लाहकार**
प्र.अ.म.नि. दिवेश लोहनी

**सल्लाहकार**
प्र.ना.म.नि. उमेश राज जोशी
प्र.ब.उ. चन्द्र कुवेर खापुङ

**सम्पादक मण्डल**
प्र.नि. सबिता के.सी.
प्र.ना.नि. गणेश बहादुर थिङ
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत

**संकलन**
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत
प्र.ज भावना चन्द

**ले-आउट/ग्राफिक्स**
प्र.ह पुरूषोत्तम माफी
प्र.ज भावना चन्द

| | |
|---|---|
| विभागीय गतिविधि | १ – ३ |
| अपराध तथ्याङ्क | ४ – ९ |
| प्रहरी सेवा प्रवाह | १० – ११ |
| खोजतलास तथा समन्वय | १२ |
| अपराध अनुसन्धानमा सहायता प्रदान | १३ – १४ |
| अपराध समाचार | १५ – १९ |
| उत्कृष्ट अनुसन्धान | २० |

# विभागीय गतिविधि

## गृहमन्त्री बालकृष्ण खाणको प्रमुख आतिथ्यमा प्रहरी निरीक्षक आधारभूत तालिम दीक्षान्त समारोह सम्पन्न



*काठमाडौं, ६ कात्तिक*

गृहमन्त्री बालकृष्ण खाणको प्रमुख आतिथ्यमा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगंजमा आयोजित विशेष समारोहबीच सोही प्रतिष्ठानमा संचालित प्रहरी निरीक्षक आधारभूत तालिम १-१८१औं (पोष्ट ग्याजुएट डिप्लोमा इन पुलिस साइन्स १२औं) समूहको दीक्षान्त समारोह सम्पन्न भएको छ।

समारोहमा गृहमन्त्री खाणले तालिममा सर्वप्रथम हुन सफल प्रशिक्षार्थी प्रहरी निरीक्षक कैलाश लिम्बुलाई स्वर्गीय कुलानन्द स्मृति पुरस्कार प्रदान गर्नुभयो। साथै उहाँले सर्वद्वितीय प्रशिक्षार्थी प्रहरी निरीक्षक आदर्श गिरी, सर्वतृतीय प्रशिक्षार्थी प्रहरी निरीक्षक आशिस पोखरेल, अध्ययन प्रथम प्रशिक्षार्थी प्रहरी निरीक्षक गोविन्द प्रसाद भण्डारी, कवाज प्रथम प्रशिक्षार्थी प्रहरी निरीक्षक अभय लामा, मस्केट्री तथा चाँदमारी प्रथम प्रशिक्षार्थी प्रहरी निरीक्षक पूर्ण बहादुर केसी र शारीरिक व्यायाम र प्रहरी युक्ति तथा कारवाही प्रथम प्रशिक्षार्थी प्रहरी निरीक्षक सनम मल्ललाई पुरस्कार प्रदान गर्नुका साथै उत्कृष्ट प्रशिक्षकहरूलाई समेत पुरस्कार प्रदान गर्नुभयो। उक्त अवसरमा गृहमन्त्री खाणले मुलुकमा शान्ति सुरक्षा स्थापना गर्ने, नागरिकको जनधनको सुरक्षा सुनिश्चित गर्ने, महिला, बालबालिका तथा जेष्ठ नागरिकको पूर्ण सुरक्षा प्रत्याभूति गर्ने क्रममा तथा आम नागरिकलाई न्याय र आत्मसम्मानको अनुभूति गराउन ऐन कानूनले निर्दिष्ट गरेका जिम्मेवारीलाई पूर्ण पालना गरी कानूनी राज्यको प्रत्याभूति दिन दीक्षित हुने प्रहरी अधिकृतहरूलाई निर्देशन दिनुभयो। कानूनले तोकेका जिम्मेवारी निर्वाह गर्ने क्रममा प्रहरीलाई आइपर्ने हर चुनौतिमा नेपाल सरकार र गृहमन्त्रालयको पूर्ण साथ रहने प्रतिवद्धता समेत उहाँले व्यक्त गर्नुभयो।

गृहमन्त्री खाणले तालिमको दौरानमा प्रशिक्षार्थीले बगाएको पसिनाले भोलिका दिनमा फिल्डमा आउनसक्ने हरेक चुनौतिको सामना गर्न सफल र सक्षम हुने विश्वास व्यक्त गर्नुका साथै तालिममा सिकेका सिप मार्फत अपराध नियन्त्रण र अनुसन्धानको क्रममा आउने अवरोधहरूलाई परिणाममुखी बनाउन सफल हुने अपेक्षा रहेको उल्लेख गर्नुभयो। कठिन र चुनौतिपूर्ण घडीमा राष्ट्रले सुम्पेका हर जिम्मेवारीलाई नेपाल प्रहरीले कुशलतापूर्वक निर्वाह गर्दै आएको बताउँदै उहाँले दीक्षित हुने अधिकृतहरू हरेक जिम्मेवारी व्यावसायिकता पूर्वक निर्वाह गर्दै नागरिकलाई महसुस हुने गरी सेवा प्रदान गर्न सफल हुने विश्वास व्यक्त गर्नुभयो।

गृहमन्त्री खाणले नेपाल प्रहरी जस्तो गतिशिल संगठनमा तालिमको महत्व बारे नेपाल सरकार र गृह मन्त्रालय पूर्ण जानकार रहेको चर्चा गर्दै नेपाल प्रहरीका तालिममा आवश्यकता अनुरूप बजेट विनियोजन हुँदै आएको तथा विकसित चुनौतिको सामना गर्न सक्षम जनशक्तिको विकास गर्न संगठनले थप नयाँ तालिमको महसुस गरेमा नेपाल सरकार र गृह मन्त्रालय सकारात्मक रहेको समेत उल्लेख गर्नुभयो। समारोहमा धन्यवाद ज्ञापन गर्दै प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहले नेतृत्व विकास प्रहरी निरीक्षक तालिमको अभिन्न अंग रहेको चर्चा गर्दै यस तालिमले दीक्षित हुने प्रशिक्षार्थीहरूको नेतृत्व क्षमतालाई अभिवृद्धि गरी कठिन समयमा उपयुक्त निर्णय लिने मात्र नभई आफू मातहतका दर्जालाई उत्प्रेरित गरी तोकिएको जिम्मेवारी सम्पन्न गर्ने क्षमता प्रदान गरेको विश्वास व्यक्त गर्नुभयो। चेन अफ कमाण्ड नेपाल प्रहरीले अवलम्बन गर्दै आएको महत्वपूर्ण कार्यशैली रहेको बताउँदै यस कार्यशैलीको प्रवर्द्धन गरी अक्षुण्ण राख्नु सबैको कर्तव्य रहेको बताउनुभयो। साथै चेन अफ कमाण्ड बाहिर रहेर गरिने वृत्तिविकास र अवसरको परिकल्पना प्रति संगठन कठोर रहेको समेत उहाँले बताउनुभयो। प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न नेपाल सरकारले नेपाल प्रहरीलाई महत्वपूर्ण जिम्मेवारी सुम्पेको बताउँदै प्रहरी महानिरीक्षक सिंहले आफूलाई प्राप्त जिम्मेवारीलाई निष्पक्ष र त्रुटिरहित तवरले सम्पन्न गर्न उपस्थित प्रहरी अधिकृतलाई निर्देशन दिनुभयो।

उक्त अवसरमा मन्तव्य व्यक्त गर्दै त्रिभुवन विश्वविद्यालय व्यवस्थापन संकायका सहायक डीन सह-प्रा.डा. हरि प्रसाद अधिकारीले पिजीडिपीएस कार्यक्रमले प्रहरी कर्मचारीहरूलाई अनुशासन र शिक्षा विकास गर्न प्रश्रय दिएको बताउनुभयो। प्रहरी संगठनको आवश्यकता अनुसार पिजीडिपीएस कार्यक्रमलाई समयानुकुल परिमार्जन गर्दै लैजानु पर्ने उल्लेख गर्दै संगठनको सेवालाई थप चुस्त र दुरुस्त रूपमा कार्य सम्पादन गर्नका लागि प्रहरी कर्मचारीहरूमा प्रतिवद्धता, निरन्तरता र समन्वय आवश्यक रहेको चर्चा गर्नुभयो।

समारोहमा उक्त प्रतिष्ठानका कार्यकारी निर्देशक प्रहरी अतिरिक्त महानिरीक्षक सहकुल बहादुर थापाले शब्दोच्चारणद्वारा प्रशिक्षार्थीहरुलाई सपथ ग्रहण गराउनुको साथै स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो। साथै उहाँले तालिम सम्बन्धी जानकारी दिँदै २०७८ साउन १३ गतेबाट सुरु भएको त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा संचालित पोष्ट ग्याजुएट डिप्लोमा इन पुलिस साइन्स समावेश भएको उक्त तालिममा १४ महिला सहित कुल १ सय ४६ जना प्रहरी निरीक्षकहरु सहभागी भएकोमा सबैजनाले सफलतापूर्बक तालिम हासिल गरेको बताउनुभयो।

प्रशिक्षार्थीहरुले कवाज प्रदर्शन तथा नेपाल प्रहरी संगीत विद्यालयद्वारा सांगितीक धुन प्रस्तुत गरिएको उक्त समारोहमा दीक्षित प्रहरी निरीक्षकहरुलाई आ-आफ्ना अभिभावकहरुले दर्ज्यानी चिन्ह सुशोभन गर्नुभएको थियो। दीक्षान्त समारोहमा महान्यायधिवक्ता खम्म बहादुर खाती, गृह सचिव विनोद प्रकाश सिंहका साथै सशस्त्र प्रहरी महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक, पूर्व प्रहरी महानिरीक्षकहरु, प्रतिष्ठानका पूर्व कार्यकारी निर्देशक तथा समादेशकहरु, नेपाली सेना तथा सशस्त्र प्रहरी बलका वरिष्ठ अधिकृतहरु, प्रहरी नायव महानिरीक्षकहरु तथा वरिष्ठ अधिकृतहरु, संचारकर्मीहरु, प्रशिक्षार्थीहरुका अभिभावकहरु तथा अन्य आमन्त्रित महानुभावहरुको उपस्थिति रहेको थियो।

## इन्टरपोलको ९०औं महासभा समुद्घाटन




*काठमाडौं, १ कात्तिक*

प्रहरीको अन्तर्राष्ट्रिय संगठन इन्टरपोलको ९०औं महासभा भारतको नयाँ दिल्लीमा समुद्घाटन भएको छ। भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले एक समारोह बीच समुद्घाटन गर्नुभएको उक्त महासभामा भाग लिन प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहको नेतृत्वमा ५ सदस्यीय टोली त्यसतर्फ प्रस्थान गरेको थियो। उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री मोदीले अहिलेको ग्लोबलाइजेसनको युगमा इन्टरपोल बिना विश्वको कल्पना गर्न नसकिने भएकोले इन्टरपोललाई अझ सशक्त बनाउनुपर्ने बताउनुभयो। विशेषत: साइबर क्राइम, टेरोरिजम र बालबालिका माथिको शोषण अन्त्य गर्न अन्तर्राष्ट्रिय प्रहरी समन्वय र सहयोगलाई अझ मजबुद बनाउँदै लैजान अपरिहार्य रहेको उहाँले उल्लेख गर्नुभयो।

उद्घाटन समारोहमा भारत सरकारका गृहमन्त्री अमित शाह लगायतका मन्त्रीहरुको सहभागिता रहेको थियो। उक्त महासभामा नेपाल सहित १ सय ७५ राष्ट्रका प्रहरी प्रमुख तथा उच्च अधिकृतहरूको सहभागिता रहेको थियो। भारत सरकारले यो आयोजनालाई अत्यन्त महत्वपूर्ण रूपमा लिएको छ।

## प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहबाट निर्वाचन सुरक्षा सम्बन्धी भर्चुअल माध्यमबाट निर्देशन



*काठमाडौं, २१ कात्तिक*

प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहले प्रदेश प्रहरी प्रमुख, नेपाल प्रहरी प्रदेश प्रहरी कार्यालय प्रमुख, प्रदेश तालिम केन्द्रका समादेशकहरू, प्रदेश ट्राफिक प्रहरी कार्यालय प्रमुख, जिल्ला प्रहरी प्रमुख र गण प्रमुखहरूलाई नेपाल प्रहरी प्रधान कार्यालयबाट भर्चुअल माध्यमद्वारा निर्वाचन लक्षित निर्देशन सम्बोधन गर्नुभयो।

निर्देशनको क्रममा प्रहरी महानिरीक्षक सिंहले हालसम्म निर्वाचन सुरक्षा सम्बन्धी भएको तयारी र निर्वाचन अनुकूल वातावरण बनाउने गरी भएका प्रयास सकारात्मक भएको उल्लेख गर्दै निर्वाचन सम्बन्धी केन्द्रको रणनीति, केन्द्रबाट भएको परिपत्र र निर्देशनलाई बुथ कमाण्डर तहसम्म पुऱ्याई निर्वाचन सुरक्षामा कुनै द्विविधा हुन नदिन निर्देशन दिनुभयो। उहाँले निर्वाचन राष्ट्रिय राजनीतिको दृष्टिले महापर्व भएको उल्लेख गर्दै आगामी निर्वाचनमा आउनसक्ने चुनौतीलाई सामना गर्न तयार रहन निर्देशन दिनुभयो। तीन करोड नेपालीको विश्वास र सहभागिता रहेको निर्वाचनमा केही उच्छृंखल तत्वले बिथोल्न खोज्छन् भने त्यसलाई उचित र प्रभावकारी कारवाही गरी निस्तेज पार्न समेत प्रहरी महानिरीक्षक सिंहले निर्देशन दिनुभयो।

निर्वाचन सुरक्षाका क्रममा कमाण्डरको व्यावसायिकता बुथमा खटिने प्रहरी कर्मचारीले गर्ने कार्यबाट झल्कने र त्यही नै कमाण्डरको मूल्यांकनको कडी हुने उल्लेख गर्दै प्रहरी महानिरीक्षक सिंहले निर्वाचनको सुरक्षाका क्रममा असल नियतबाट भएका काम-कारवाही प्रति संगठनको सदैव साथ रहने विश्वास दिलाउनु भएको थियो। ६ महिना अघि स्थानीय तहको निर्वाचनमा नेपाल प्रहरीले प्रदर्शन गरेको व्यावसायिकतालाई अक्षुण्ण राखी त्यसबाट प्राप्त आत्मविश्वास एवं नागरिकबाट प्राप्त जनविश्वासको जगमा अझ व्यावसायिक भएर निर्वाचन शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गरी राष्ट्रले सुम्पेको जिम्मेवारी पूरा गर्न प्रहरी महानिरीक्षक सिंहले निर्वाचनमा खटिने प्रहरी कर्मचारीहरुलाई निर्देशन दिनुभयो।

यसअघि कार्य तथा अपराध अनुसन्धान विभागका प्रमुख एवं केन्द्रीय निर्वाचन सेलका संयोजक प्रहरी अतिरिक्त महानिरीक्षक दिवेश लोहनीले म्यादी प्रहरीको सहयोग लिई निर्वाचनलाई शान्तिपूर्ण बनाउन कुनै कसर बाँकी नराख्न निर्देशन दिनुभयो। उहाँले स्रोत-साधनको समुचित प्रयोग गरी निष्पक्ष तवरले निर्वाचन सम्पन्न गर्न समेत निर्देशन दिनुभयो। उक्त अवसरमा वरिष्ठ प्रहरी अधिकृतहरुको समेत उपस्थिति रहेको थियो।

## निर्वाचन शान्तिपूर्ण एवं भयरहित वातावरणमा सम्पन्न गरी राष्ट्रले सुम्पेको जिम्मेवारी पूरा गर्न प्रहरी कर्मचारीहरू कटिवद्ध हुनुपर्ने : प्रहरी महानिरीक्षक धिरज प्रताप सिंह



*काठमाडौं, ३० कात्तिक*

प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहले मंसिर ०४ गते सम्पन्न हुन लागेको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा खटिने प्रहरी कर्मचारीहरूले आफ्नो व्यावसायिकतालाई अक्षुण्ण राख्दै निर्वाचन शान्तिपूर्ण, निष्पक्ष एवं सुरक्षित तवरबाट भयरहित वातावरणमा सम्पन्न गरी राष्ट्रले सुम्पेको जिम्मेवारी पूरा गर्न कटिवद्ध हुनुपर्ने बताउनुभएको थियो।

नेपाल प्रहरी प्रधान कार्यालयबाट भर्चुअल रुपमा भिडियो कन्फ्रेन्स मार्फत् आयोजित कार्यक्रममा प्रहरी महानिरीक्षक सिंहले प्रदेश प्रहरी प्रमुख, नेपाल प्रहरी प्रदेश प्रहरी कार्यालय प्रमुख, प्रदेश तालिम केन्द्रका समादेशकहरू, प्रदेश ट्राफिक प्रहरी कार्यालय प्रमुख, जिल्ला प्रहरी प्रमुख र गण प्रमुखहरूलाई निर्वाचन लक्षित निर्देशन सम्बोधनको क्रममा उक्त कुरा बताउनुभएको थियो।

निर्देशनको क्रममा प्रहरी महानिरीक्षक सिंहले निर्वाचनको सुरक्षा चुनौतीहरूलाई औंल्याई त्यसको निराकरण गर्ने उपायहरू अबलम्बन गर्दै अझ बढी सक्रिय भई निर्वाचन अनुकूल वातावरण बनाउने गरी काम गर्नुपर्ने बताउनुभयो। सम्पूर्ण नेपाल प्रहरीका कर्मचारीहरूले व्यावसायिकतालाई बोलीमा मात्र नभई व्यवहारमा समेत सतप्रतिशत लागू गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। निर्वाचन नेपाल प्रहरीको परीक्षाको घडीको रूपमा रहेको उल्लेख गर्दै प्रहरी महानिरीक्षक सिंहले नेपाल प्रहरीलाई अब्बल साबित गर्ने गरी काम गर्न कार्यालय प्रमुखहरूले आफ्ना मातहतमा खटिने प्रहरी कर्मचारीहरूलाई उच्च मनोबलका साथ काम गर्ने वातावरण बनाउन र आफ्नो जिम्मेवारी सम्बन्धी आवश्यक विफ्रिङ गर्न उहाँले निर्देशन दिनुभयो।

प्रहरी महानिरीक्षक सिंहले नेपाल प्रहरी सम्पूर्ण नेपाली नागरिकको भरोसाको केन्द्र भएकोले निर्वाचनको समयमा तटस्थ भई आफ्नो कार्य सम्पादन गर्न निर्देशन दिनुभयो। निर्वाचनको मौन अवधिमा निर्वाचन विथोल्ने क्रियाकलाप अझ बढी हुन सक्ने भएको उल्लेख गर्दै यस्ता चुनौतीको सामना गर्न प्रहरी कर्मचारीहरू उच्च सतर्कता र अझ बढी संवेदनशील भएर निर्वाचन सुरक्षामा केन्द्रित हुनुपर्ने उल्लेख गर्नुभयो। हरेक काम औचित्य पुष्टी हुने गरी हुनुपर्ने र कर्तव्य निष्ठाको क्रममा गरिएका काम-कारवाहीप्रति संगठनको सदैव साथ रहने उहाँले बताउनुभयो। सहयोगीका रुपमा रहेका म्यादी प्रहरीको उच्च प्रयोग गर्दै निर्वाचन सुरक्षा व्यवस्थालाई चुस्त बनाउनुपर्ने उल्लेख गर्दै प्रहरी महानिरीक्षक सिंहले अति संवेदनशील क्षेत्रहरूमा आवश्यक सुरक्षा योजना, रणनीति तय गरी काम गर्न निर्देशन दिनुभयो।

उक्त अवसरमा वरिष्ठ प्रहरी अधिकृतहरुको उपस्थितिको साथै सहभागी प्रहरी कार्यालयहरूका प्रमुख तथा प्रतिनिधिहरूको भर्चुअल उपस्थिति रहेको थियो।

## स्मार्ट कार्ड लाईसेन्स रिडर हस्तान्तरण



*काठमाडौं, २ कात्तिक*

यातायात व्यवस्था विभाग मिनभवन काठमाडौंबाट नेपाल प्रहरीलाई १ सय ९८ थान स्मार्ट कार्ड लाईसेन्स रिडर हस्तान्तरण गरिएको छ। यातायात व्यवस्था विभाग मिनभवनमा आयोजित एक कार्यक्रमबीच सोही विभागका महानिर्देशक टोकराज पाण्डेयले नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक दिवेश लोहनीलाई उक्त लाईसेन्स रिडर हस्तान्तरण गर्नुभएको हो। सो अवसरमा प्रहरी अतिरिक्त महानिरीक्षक दिवेश लोहनीले २१ औं शताब्दीमा छिटो छरितो एवम् तथ्यमा आधारित काम कारबाही गर्न यस्ता किसिमका प्रविधी नेपाल प्रहरीलाई आवश्यक रहेको चर्चा गर्नुभयो। साथै उहाँले स्मार्ट कार्ड लाईसेन्स रिडर उपलब्ध गराइएकोमा यातायात व्यवस्था विभाग मिनभवनलाई धन्यवाद दिँदै त्यसको प्रभावकारी एवं समुचित प्रयोग गर्ने विश्वास दिलाउनुभयो। कार्यक्रममा प्रहरी नायब महानिरीक्षक एवं केन्द्रीय प्रहरी प्रवक्ता टेक प्रसाद राई, राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक सुरेन्द्र बहादुर गुरूङ लगायत प्रहरी कर्मचारीको उपस्थिती रहेको थियो।

## केनाईन कार्यालय महाराजगंजमा कुकुर पूजा सम्पन्न



*काठमाडौं, ७ कात्तिक*

यमपञ्चकको दोस्रो दिनका अवसरमा नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग केनाईन कार्यालय महाराजगंजमा आयोजित कार्यक्रम बीच कुकुर पूजा सम्पन्न भएको छ।

कार्यक्रममा उक्त कार्यालयकी प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक डा. देउती गुरूङले कार्यालयमा रहेका विभिन्न तालिम प्राप्त कुकुरहरूलाई पूजा गर्नुभयो। साथै उहाँले यस वर्षको उत्कृष्ट कुकुर 'पप्पी', भएका प्रतियोगितामा दौडमा उत्कृष्ट हुने कुकुर 'रुरु', हाइजम्पमा उत्कृष्ट हुने कुकुर 'रिया' र बाधापारमा उत्कृष्ट हुने कुकुर 'रोज'लाई पुरस्कार तथा मेडल प्रदान गर्नुभयो।

उक्त अवसरमा प्रहरी उपरीक्षक डा. रामचन्द्र सत्यालले स्वागत मन्तव्य व्यक्त गर्दै विभिन्न स्थानको अपराध अनुसन्धान गर्न नेपाल प्रहरीका कुकुरहरूले पुऱ्याएको सहयोगबारे जानकारी दिनुभएको थियो।

कार्यक्रममा कार्यालयमा रहेका तालिम प्राप्त कुकुरहरुले बाधापार, ट्रयाकर डगको काम, रेस्क्यू डगको काम, रनिङ्ग कम्पिटिसन, हाईजम्प कम्पिटिसन, सबुदको खोजी कार्य, अपराधीको खोजी एवं पहिचान, हातहतियार तथा विष्फोटक पदार्थ खोजी एवं पहिचान, लागूऔषध खोजी एवं पहिचान, रिमोट कन्ट्रोल कला पर्दशनी, डग आकृती बनाउने, आज्ञापालन कला प्रदर्शनी लगायतका कार्यहरु गरेका थिए। साथै सोही अवसरमा प्रदेशका केनाईन कार्यालयहरुमा समेत आजै कुकुर पूजा गरिएको थियो। कार्यक्रममा प्रहरी अधिकृतहरु, संचारकर्मीहरू एवम् स्थानीय बासिन्दाहरुको समेत उपस्थिति रहेको थियो।

# अपराध तथ्याङ्क

## काठमाडौ उपत्यका तथा प्रदेशहरुको कार्तिक महिनाको अपराध तथ्याङ्क प्रस्तुति




## त्रैमासिक उपत्यका तथा प्रदेशगत मुद्धा दर्ता संख्या (कार्तिक)



## त्रैमासिक मुद्धा दर्ता र फछर्यौट संख्या (भदौ-कार्तिक)




## अपराध तंथ्याक (०७६/०७७ देखि ०७९/०८० कार्तिक सम्म)



## जघन्य अपराधको प्रदेशगत विश्लेषण
## (आ.व. २०७९।०८० कार्तिक)




## गम्भीर अपराधको प्रदेशगत विश्लेषण
## (आ.व. २०७९।०८० कार्तिक)



## सामान्य अपराधको प्रदेशगत विश्लेषण(आ.व. २०७९।०८० कार्तिक)




## कार्तिक महिनामा घरेलु हिंसा सम्बन्धी तथ्याङ्क विश्लेषण:



## कार्तिक महिनामा जबरजस्ती करणी अपराधमा पीडित र अभियुक्तको सम्बन्ध बिश्लेषण




## कार्तिक महिनामा भौगोलिक स्थानको आधारमा जबरजस्ती करणी अपराधको तथ्याङ्क:



## कार्तिक महिनाको अदालती फैसला कार्यान्वयन तर्फको फरार अभियुक्तको पक्राउ सम्बन्धी विवरण

| सि.नं. | प्रदेश/ उपत्यका /ब्युरोको नाम | कुल पक्राउ संख्या | कैद | असुल जरिवाना (रु.) |
|---|---|---|---|---|
| १. | काठमाडौ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | १५ जना | २ महिना २१ दिन | रु.२,१७, ८४,६००।- |
| २. | १ नं.प्रदेश प्रहरी कार्यालय, विराटनगर | २१ | २७ वर्ष २ महिना १६ दिन | रु.२,८३,९८७।- |
| ३. | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | ३४ | १८ वर्ष १० महिना २७ दिन | रु.४,१६,२१७।- |
| ४. | बागमती प्रदेश प्रहरी कार्यालय, हेटौडा | ३६ | २२ वर्ष ५ दिन | रु.२८,५९,९८८।- |
| ५. | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | ३६ | ३२ वर्ष ३ महिना ९ दिन | रु.११,०५३,२५।- |
| ६. | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ, | ५३ | ११५ वर्ष ५ महिना १६ दिन | रु.९,९९,६३३।- |
| ७. | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | ९ | २२ वर्ष ४ महिना २१ दिन | रु.७७,०००।- |
| ८. | सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | १७ | ५ वर्ष २ महिना २५ दिन | रु.७,८,६४० |
| ९. | केन्द्रीय अनुसन्धान व्यूरो, महाराजगञ्ज | २ | २५ दिन | रु.८,५५,५,४१४।- |
| | जम्मा | २२३ जना | २४१ वर्ष २८ महिना १६५ दिन | रु.३,६१,६०,८०४।- |

## कार्तिक महिनाको लागूऔषध कारोवारमा संलग्न व्यक्ति पक्राउ तथा मुद्दा संख्या




## असोज र कार्तिक महिनाको लागूऔषध कारोवारमा संलग्न व्यक्ति पक्राउ संख्या



# प्रहरी सेवा प्रवाह

### कार्तिक महिनामा प्रहरी चारित्रिक प्रमाणपत्रका लागि अपराध अभिलेख चेकजाँच सम्बन्धी विवरण




## सामुदायिक प्रहरी गतिविधि

कार्तिक महिनामा सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरिका समुदाय-प्रहरी साझेदार र सामुदायिक प्रहरी सेवा केन्द्रहरूद्धारा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रम एवम् गतिविधिहरु : (गृह प्रशासन सुधार कार्ययोजना २०७४, बुँदा नं.१२४ कार्यक्रमहरू)



# आसरा सुधार केन्द्र

## कार्तिक महिनाको लागुऔषध सेवनकर्ता उपचार विवरण




## कार्तिक महिनामा नेपालमा रहेका बिदेशी नागरिकहरुको विवरण

| सि.न. | कार्य बिबरण | संख्या |
|---|---|---|
| १ | बिदेशी नागरिकहरूको मृत्यु | ०७ जना। |
| २ | बिदेशी नागरिकहरूको पक्राउ | ०२ जना। |
| ३ | हराएका विदेशी नागरिक | ०३ जना । |
| ४ | नेपालको बिभिन्न क्षेत्रमा ट्रेकिङ गएका बिदेशी नागरिकहरुको बिबरण | १०,८४१ जना। |
| ५ | बिदेशी नागरिकहरु पक्राउ गरी थप कारवाहीका लागि अध्यागमन कार्यालय पठाईएको | - |

# खोजतलास तथा समन्वय

## कार्तिक महिनामा हराएका, फेला परेका तथा खोजतलास जारी बालबालिकाहरुको विवरण




## कार्तिक महिनामा वेवारिसे फेला परेका मध्ये पारिवारिक पूनर्मिलन, बालगृहमा रहेका बालबालिका सम्बन्धी विवरण



# अपराध अनुसन्धानमा सहायता प्रदान

## डिजिटल फरेन्सिक ल्याव

- DFL शाखाबाट कार्तिक महिना भित्र बिभिन्न ८ वटा मुद्दा शिर्षक (ज्यान सम्बन्धी कसूर, आत्महत्या दुरुत्साहन, झुण्डी मृत्यु, मानव बेचबिखन, सार्वजनिक अपराध, बिद्युतिय कारोबार, जबरजस्ती करणी, लागु औषध) अन्तर्गत १२ वटा मुद्दाको ५२ वटा सबुदहरु परिक्षण गरिएको।

## दुरसंचार समन्वय शाखा

- कार्तिक महिनामा अपराध अनुसन्धानको सिलसिलामा प्रहरी ईकाईहरु तथा संघीय प्रहरी इकाई कार्यालयहरुबाट माग भई आएका Operational Data हरु दूरसंचार सेवा प्रदायक संस्थाहरुसँग Co-ordination गरी निम्नानुसारको संख्यामा समयमै सम्बन्धित कार्यालयहरुलाई उपलब्ध गराईएको।




## नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला, सामाखुशी

- २०७९ /०७/०१ गते देखि ऐ कार्तिक ३० गते सम्म विभिन्न जिल्लाहरुबाट परीक्षणको लागि **६०६** केशहरु र **३७६९** नमुनाहरु प्राप्त भएकोमा नयाँ र पुरानो पेण्डिङ केशहरु समेत गरी ३२६ केशहरु परीक्षण गरिएको।
- (AFIS) मा **१२३४** DATA Entry भएको।

## केनाईन महाशाखा, महाराजगञ्ज

### कार्तिक महिनामा परिचालित मासिक डिउटी संख्या








# अपराध समाचार

## कर्तव्य ज्यान सम्बन्धी

### आफ्नै श्रीमतीको हत्या गरेको अभियोगमा पक्राउ

*गुल्मी, ४ कात्तिक*

आफ्नै श्रीमती ४० वर्षीया ताल कुमारी कुमालको हत्या गरेको अभियोगमा मुसिकोट नगरपालिका-७ बसेरी बस्ने ४२ वर्षीय सुर्य कुमाललाई प्रहरीले पक्राउ गरेको छ। सुर्य कुमारको कुटपिटबाट गम्भीर घाइते भएकी उनको लुम्बिनी वामी हस्पिटलमा उपचारको क्रममा मृत्यु भएको हो। घटना पश्चात् जिल्ला प्रहरी कार्यालय गुल्मी र प्रहरी चौकी वामीबाट खटिएको प्रहरीले सुर्य कुमारलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### खुकुरी प्रहार गरी हत्या गरेको अभियोगमा पक्राउ

*ललितपुर, १५ कात्तिक*

ललितपुर महानगरपालिका-२७ सुनाकोठी बस्ने ३५ वर्षीय रामचन्द्र राईलाई धारिलो हतियार खुकुरी प्रहार गरी हत्या गरेको अभियोगमा खोटाङ साकेला गाउँपालिका-१ घर भई हाल ललितपुर महानगरपालिका-२७ सुनाकोठी बस्ने ४१ वर्षीय राजेन्द्र राईलाई प्रहरीले पक्राउ गरेको छ।

राजेन्द्रले खुकुरी प्रहार गर्दा रामचन्द्रको घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी वृत्त चापागाउँ र जिल्ला प्रहरी परिसर ललितपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। प्रारम्भिक अनुसन्धानको क्रममा रामचन्द्र राईले हेपेर बोल्ने गरेको र राजेन्द्रकी श्रीमती समेतलाई अपशब्द बोलेको बिषयलाई लिएर वादविवाद हुदाँ राजेन्द्रले खुकुरी प्रहार गरी हत्या गरेको खुल्न आएको छ। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### पिर्का प्रहार गरी बुबाको हत्या गरेको अभियोगमा पक्राउ

*रोल्पा, २१ कात्तिक*

आफ्नै बुबा ५४ वर्षीय मानसिंह घर्तिलाई काठको पिर्का प्रहार गरी हत्या गरेको अभियोगमा त्रिबेणी गाउँपालिका-४ पोखरी बस्ने २३ वर्षीय संदिप घर्तिलाई प्रहरीले पक्राउ गरेको छ।

घरको भान्सा कोठामा दुवै जना बसेर मादक पदार्थ सेवन गरेपछि घरायसी विवादमा संदिपले पिर्का प्रहार गर्दा मानसिंहको घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी जुगार, अस्थायी प्रहरी पोष्ट बुढागाँउ र ईलाका प्रहरी कार्यालय होलेरीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### खुकुरी प्रहार गरी हत्या गरेको अभियोगमा पक्राउ

*धनकुटा, २३ कात्तिक*

छथरजोरपाटी गाउँपालिका-३ काजिमाने पिङडाडा बस्ने ६२ वर्षीय भगिश्वर लिम्बुलाई धारिलो हतियार खुकुरी प्रहार गरी हत्या गरेको अभियोगमा सोही ठाउँ बस्ने ४० वर्षीय तेज बहादुर लिम्बुलाई प्रहरीले पक्राउ गरेको छ।

आफ्नै घरमा बसिरहेका भगिश्वरलाई तेजबहादुरले खुकुरी प्रहार गर्दा मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी छथरजोरपाटीबाट खटिएको प्रहरीले उनलाई खुकुरी सहित पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### खुर्पा प्रहार गरी दुई जनाको हत्या गरेको अभियोगमा पक्राउ

*नुवाकोट, २९ कात्तिक*

दुप्चेश्वर गाउँपालिका-५ भगेरी डाँडा बस्ने १९ वर्षीया सम्झना खतिवडा र उनकी छोरी ४ वर्षीया कृष्टिना खतिवडालाई धारिलो हतियार खुर्पा प्रहार गरी हत्या गरेको अभियोगमा सोही ठाउँ बस्ने २१ वर्षीय पुष्कल भन्ने सोनाम तामाङलाई प्रहरीले पक्राउ गरेको छ।

सोनामले मृतकको घरमा गई सम्झना र कृष्टिना खतिवडालाई खुर्पा प्रहार गर्दा दुवै जनाको घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी समुन्द्राटार र जिल्ला प्रहरी कार्यालय नुवाकोटबाट खटिएको प्रहरीले उनलाई घटनास्थल नजिकै रहेको जंगलमा लुकिछिपी बसेको अवस्थामा फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### चिर्पट प्रहार गरी हत्या गरेको अभियोगमा पक्राउ

*मोरङ, ३० कात्तिक*

बुढिगंगा गाउँपालिका-७ कमलपुर बस्ने २३ वर्षीय करण सरदारलाई दाउराको चिर्पट प्रहार गरी हत्या गरेको अभियोगमा सोही गाउँपालिका-५ बस्ने २४ वर्षीय राजेश सरदारलाई कात्तिक १८ गते राति प्रहरीले पक्राउ गरेको छ।

बुढिगंगा गाउँपालिका-५ हातिमुढामा कार्तिक १८ गते साँझ उनीहरू बीच आपसमा बादबिबादमा राजेशले चिर्पट प्रहार गर्दा करण गम्भीर घाइते भएका भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय नेमुवाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। गम्भीर घाइते करणको गोल्डेन अस्पताल बिराटनगरमा उपचारको क्रममा मृत्यु भएको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## बैंकिङ कसूर, चोरी तथा ठगी सम्बन्धी

### सहकारीबाट ऋण मिलाईदिन्छु भनी ठगी गर्ने व्यक्ति पक्राउ

*काठमाडौं, २ कात्तिक*

सहकारीबाट ऋण मिलाईदिन्छु भनी ठगी गरेको अभियोगमा ललितपुर जिल्ला महालक्ष्मी नगरपालिका-१ कृष्णमन्दिर इमाडोल बस्ने ५६ वर्षीय मणी कुमार थापालाई प्रहरीले पक्राउ गरेको छ।

थापाले आफू काठमाडौं महानगरपालिका-३ बाँसवारीस्थित चण्डोल बहुउद्देश्यीय सहकारी संस्थाको संचालक भएकोले उक्त सहकारी संस्थाबाट ३० लाख रुपैयाँ ऋण मिलाईदिन्छु भनी बिश्वास दिलाई उक्त ऋण रकमको १० प्रतिशतले हुन आउने ३ लाख रुपैयाँ र सेवा शुल्क बापत १२ हजार रुपैयाँ गरी जम्मा ३ लाख १२ हजार रूपैयाँ लिई ऋण उपलब्ध नगराई ठगी गरी फरार रहेको भन्ने सूचना काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयमा प्राप्त भएपश्चात् अनुसन्धानको क्रममा उल्लेखित बहुउद्देश्यीय सहकारी संस्था दर्ता नै नरहेको पाइएकोले मणी कुमारको नाममा काठमाडौं जिल्ला अदालतबाट पक्राउ अनुमति लिई ललितपुर महालक्ष्मी नगरपालिका-१ इमाडोलबाट उनलाई पक्राउ गरेको हो। उनलाई आवश्यक कारवाहीको लागि जिल्ला प्रहरी परिसर टेकुमा पठाइएको छ।

## भन्सार छलि गरी ल्याएको सुन सहित पक्राउ

*काठमाडौं, ५ कात्तिक*

काठमाडौं महानगरपालिका-९ स्थित त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थलको स्वागत गेटबाट भन्सार छलि ल्याएको सुन करिब ७० ग्राम सहित दाङ तुल्सीपुर उपमहानगरपालिका-४ बस्ने ३८ वर्षीय दल बहादुर डाँगीलाई प्रहरीले पक्राउ गरेको छ । कतार एयरवेजको उडानद्वारा कतारबाट काठमाडौं आएका उनलाई जाँच गर्ने क्रममा उक्त सुन सहित फेला पारी प्रहरीले पक्राउ गरेको हो ।

यसैगरी काठमाडौं, महानगरपालिका-९ स्थित त्रिभूवन अन्तराष्ट्रिय विमानस्थलको स्वागत गेटबाट भन्सार छलि ल्याएको सुन करिब २ सय ग्राम सहित रोल्पा सुनिल स्मृति गाउँपालिका -१ बस्ने ३५ बर्षीय हरि प्रसाद समेत ४ जनालाई प्रहरीले पक्राउ गरेको छ । इन्टर स्काइको उडानद्वारा कतार दोहाबाट अवुदावी हुँदै काठमाडौं आएका उनलाई जाँच गर्ने क्रममा उक्त सुन फेला पारी प्रहरीले पक्राउ गरेको हो ।

यसैगरी काठमाडौं, महानगरपालिका-९ स्थित त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थलको स्वागत गेटबाट भन्साल छलि ल्याएको सुन करिब १ सय ५० ग्राम सहित महोत्तरी जलेश्वर नगरपालिका -७ का ३३ वर्षीय जमुना महतो समेत ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । ओमन मस्कटबाट सलाम एयरको उडानद्वारा काठमाडौं आएका उनीहरूलाई जाँच गर्ने क्रममा उक्त सुन सहित फेला पारी पक्राउ गरेको हो । उनीहरुलाई आवश्यक कारवाहीका लागि भन्सार कार्यालय बुझाइएको छ ।

## स्रोत नखुलेको रकम सहित पक्राउ

*धनुषा, ७ कात्तिक*

जनकपुर उपमहानगरपालिका-२१ कुर्थाबाट स्रोत नखुलेको नगद ३८ लाख ५० हजार रुपैयाँ सहित महोत्तरी भंगहा नगरपालिका-१ बस्ने २१ वर्षीय सुवम राज चौवेलाई प्रहरीले पक्राउ गरेको छ । भारतबाट अवैध रूपमा रकम नेपालतर्फ ल्याउँदै गरेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटिएको प्रहरीले उनको साथबाट १ हजार दरको २९ बण्डल र ५ सय दरको १९ बण्डल गरी जम्मा ३८ लाख ५० हजार रुपैयाँ सहित फेला पारी उनलाई पक्राउ गरेको हो । उनलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि जनकपुर भन्सार कार्यालय धनुषा पठाइएको छ ।

## एटिएम मेसिन तोडफोड गरी चोरीको प्रयास गर्ने तीन जना पक्राउ

*ललितपुर, १५ कात्तिक*

ललितपुर महानगरपालिका-५ कुमारीपाटीमा रहेको एनएमबी बैंकको एटिएम मेसिन तोडफोड गरी चोरीको प्रयास गर्ने कार्यमा संलग्न ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा नुवाकोट वेलकोटगढी नगरपालिका-३ घर भई ललितपुर, ललितपुर महानगरपालिका-१७ ग्वार्को बस्ने ३१ वर्षीय वसन्त तिवारी, सोही महानगरपालिका-६ सुन्धारा बस्ने २४ वर्षीय विजय तिवारी र सुनसरी धरान उपमहानगरपालिका-१५ भानुचोक घर भई ललितपुर, ललितपुर महानगरपालिका-६ सुन्धारामा बस्ने ३५ वर्षीय अनिल राई रहेका छन् । कात्तिक ४ गते राती उनीहरुले उक्त बैंकको एटिएम मेसिन तोडफोड गरी रकम चोरी गर्ने प्रयास गरी फरार रहेका उनीहरूलाई जिल्ला प्रहरी परिसर ललितपुर तथा वडा प्रहरी कार्यालय लगनखेलबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । उनीहरु उपर जिल्ला अदालत ललितपुरबाट म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको छ ।

## नक्कली करारनामा बनाई ठगी गरेको अभियोगमा पक्राउ

*काठमाडौं, १७ कात्तिक*

नक्कली करारनामा बनाई नगद ४ करोड ५० लाख रुपैयाँ ठगी गरेको अभियोगमा पर्सा वीरगंज महानगरपालिका-१७ घर भई सोही महानगरपालिका-१४ पिपरा बहुअरी बस्ने ३६ वर्षीय नौसद अन्सारीलाई प्रहरीले पक्राउ गरेको छ । नौसद अन्सारी समेतले काठमाडौं महानगरपालिका-१३ सोल्टीमोडमा रहेको जाकिर हुसेन अन्सारी र नौसद हुसेन अन्सारीको नाममा रहेको जग्गा किर्ते हस्ताक्षर गरी नक्कली करारनामा बनाई घरेलु तथा साना उद्योग कार्यालय काठमाडौं र कम्पनी रजिष्ट्रारको कार्यालय काठमाडौंमा उक्त नक्कली करारनामा पेश गरी हिमालयन होटेल प्रा.लि. नामक कम्पनी दर्ता गराई उक्त होटलमा लगानी गर्नको लागी भन्दै पटक-पटक गरी उक्त रुपैयाँमा ठगी गर्ने कार्यमा संलग्न उनलाई पर्सा वीरगंज महानगरपालिका-८ प्रतिमाचोकबाट काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । उनलाई आवश्यक कारवाहीको जिल्ला प्रहरी परिसर टेकु काठमाडौं पठाइएको छ ।

## बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ

*काठमाडौं, २१ कात्तिक*

बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी तेह्रथुम अठराई गाउँपालिका-५ ठेगाना भएका ५४ वर्षीय केदारनाथ मिश्रलाई प्रहरीले पक्राउ गरेको छ । उच्च अदालत पाटनको २०७९ साउन ३१ गतेको फैसलाले उक्त मुद्दामा ४ दिन कैद र ११ लाख रूपैयाँ जरिवाना सजाय ठहर भई फरार रहेका उनलाई नेपाल प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगञ्जबाट खटिएको प्रहरीले काठमाडौं जोरपाटीबाट पक्राउ गरेको हो । मिश्रले २०७७ भदौ २२ गते कामना सेवा बैंक लिमिटेडमा रहेको आफ्नो बैंक खातामा पर्याप्त मौज्दात रकम नभएको भन्ने जानी-जानी पीडितलाई झुक्यानमा पारी दिएको चेकको रकम भुक्तान हुन नसकेको घटनामा उच्च अदालत पाटनले उक्त फैसला गरेको थियो ।

उनलाई फैसला कार्यान्वयनको लागि ललितपुर जिल्ला अदालतमा पेश गरिकोमा अदालतबाट कैद भुक्तानको लागि कारागार कार्यालय नख्खु ललितपुरमा पठाइएको छ ।

## चोरीका गरगहना र नगद सहित एक जना पक्राउ

*दाङ, २७ कात्तिक*

तुलसीपुर उपमहानगरपालिका-१० सुकौराबाट चोरीका विभिन्न १६ थान गरगहना र नगद ४४ हजार ३ सय १ रूपैयाँ सहित बाँके खजुरा गाउँपालिका-२ सि गाउँ बस्ने ४२ वर्षीय राजेन्द्र सुनारलाई प्रहरीले पक्राउ गरेको छ । शंकास्पद रूपमा बसिरहेका राजेन्द्रलाई ईलाका प्रहरी कार्यालय, तुलसीपुरबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उनको साथबाट झोलामा लुकाई राखेको उक्त गरगहना र नगद फेला पारेको र अनुसन्धानको क्रममा उक्त धनमाल बाँके, नेपालगञ्ज पुष्पलाल चोकस्थित दुल्लु दरवार होटलबाट चोरी गरी ल्याएको खुल्न आएपछि प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

# यौन जन्य अपराध

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*काठमाडौं, १ कात्तिक*

तनहुँ, १२ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा कञ्चनपुर बेलौरी नगरपालिका-६ श्रीपुर हात्तीबजार घर भई शुक्लागण्डकी

नगरपालिका-२ हलेदी बस्ने २९ वर्षीय भगवत दास चौधरीलाई प्रहरीले पक्राउ गरेको छ । ती बालिकालाई चौधरीले जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय बेलचौताराबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

बर्दिया, ४० वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा कैलाली टिकापुर नगरपालिका-९ बस्ने २४ वर्षीय सागर टमटालाई प्रहरीले पक्राउ गरेको छ । ती महिलालाई बर्दिया राजापुर नगरपालिका-४ अनन्तपुरमा सागरले जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय, टिकापुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

सागरलाई आवश्यक कारवाहीका लागि ईलाका प्रहरी कार्यालय, राजापुर बर्दियामा पठाइएको छ । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*काठमाडौं, ९ कात्तिक*

भक्तपुर, ७ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा दोलखा बैतेश्वर गाउँपालिका-१ घर भई भक्तपुर दुवाकोट बस्ने ३० वर्षीय राम चन्द्र दाहाललाई प्रहरीले पक्राउ गरेको छ । ती बालिकालाई दाहालले मादक पदार्थ सेवन गरी जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी प्रभाग, दुवाकोटबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

अर्घाखाँची, १२ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा भुमिका स्थान नगरपालिका-६ बराहचौर बस्ने ५९ वर्षीय नुम बहादुर पुनलाई प्रहरीले पक्राउ गरेको छ । ती बालिकालाई पुनले जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी चौकी, खिल्जिबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*काठमाडौं, १५ कात्तिक*

काठमाडौं, १६ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा चन्द्रागिरी नगरपालिका-८ मातातिर्थ बस्ने २८ वर्षीय चन्दन महर्जनलाई प्रहरीले पक्राउ गरेको छ । महर्जनले ती किशोरीलाई ललाई फकाई काठमाडौं महानगरपालिका-१४ कलंकीस्थित गेष्ट हाउसमा लगी विभिन्न मितिमा पटक-पटक जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी वृत्त कालिमाटीबाट खटिएको प्रहरीले उनलाई मातातिर्थस्थित बौथली चोकबाट पक्राउ गरेको हो ।

भक्तपुर, १४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा भक्तपुर सूर्यबिनायक नगरपालिका-३ बालकोट बस्ने २२ वर्षीय रुपक खड्कालाई प्रहरीले पक्राउ गरेको छ । खड्काले ती बालिकालाई पटक-पटक जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी वृत्त ठिमीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## बाल यौन दुरूपयोग गरेको अभियोगमा पक्राउ

*ओखलढुङ्गा, २० कात्तिक*

१५ वर्षीया किशोरीलाई बाल यौन दुरूपयोग गरेको अभियोगमा सुनकोशी गाउँपालिका-८ बस्ने २१ वर्षीय यसु श्रेष्ठ भन्ने ईन्द्र बहादुर श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ । श्रेष्ठले ती किशोरीलाई बाल यौन दुरुपयोग गरेको भन्ने उजुरीको आधारमा प्रहरी चौकी कोषाहाटबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा दुई जना पक्राउ

*ललितपुर, २९ कात्तिक*

१० वर्षीया र ११ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा गोदावारी नगरपालिका-३ नहर बस्ने १९ वर्षीय पर्वत बिश्वकर्मा र १९ वर्षीय मदन बिश्वकर्मालाई प्रहरीले पक्राउ गरेको छ ।

उनीहरूले दुवै जना बालिकालाई आफ्नै कोठामा लगि जबरजस्ती करणी गरेको भन्ने उजुरी प्राप्त हुनासाथ प्रहरी प्रभाग बाडेगाउँबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी तथा गर्भ पतन मुद्दाका फरार प्रतिवादी पक्राउ

*बारा, ३० कात्तिक*

जबरजस्ती करणी तथा गर्भ पतन मुद्दाका फरार प्रतिवादी प्रसौनी गाउँपालिका-५ बेलहिया टोल बस्ने २५ वर्षीय श्याम सुन्दर साह तेलीलाई प्रहरीले पक्राउ गरेको छ । श्यामले १७ वर्षीया बालिकालाई ललाई फकाई पटक/पटक जबरजस्ती करणी गर्नुका साथै पीडितको जबरजस्ती गर्भपतन समेत गराएको प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको छ । वारदात पश्चात् फरार रहेका उनलाई जिल्ला प्रहरी कार्यालय बाराबाट खटिएको प्रहरीले प्रसौनी गाउँपालिका-५ बेलहिया टोलस्थित लुकिछिपि बसेको अवस्थामा फेला पारी पक्राउ गरेको हो।

उनी उपर जबरजस्ती करणी तथा गर्भ पतन मुद्दामा जिल्ला अदालत बाराबाट ४ दिनको म्याद अनुमति लिई यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।



# लागू औषध सम्बन्धी

## अवैध लागूऔषध सहित पक्राउ

*काठमाडौं, २ कात्तिक*

बारा, निजगढ नगरपालिका-८ बाट अवैध लागूऔषध गाँजा करिब ७ किलो ५ सय ग्राम सहित चितवन जिल्ला राप्ती नगरपालिका-१० बस्ने ३८ वर्षीय बिष्णु खरेललाई प्रहरीले पक्राउ गरेको छ। हेटौंडाबाट काँकडभिट्टातर्फ जाँदै गरेको मे.१ ख २०४५ नम्बरको बसलाई ईलाका प्रहरी कार्यालय, निजगढबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उनलाई उक्त गाँजा सहित पक्राउ गरेको हो।

सिन्धुली, कमलामाई नगरपालिका-९ चोरखोलाबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने गिलो पदार्थ करिब १ सय १ ग्राम सहित झापा हल्दिवारी गाउँपालिका-१ बस्ने २५ वर्षीय बिशाल राईलाई प्रहरीले पक्राउ गरेको छ। ईलाका प्रहरी कार्यालय, भिमानबाट खटिएको प्रहरीले झापाबाट काठमाडौंतर्फ आउँदै गरेको प्रदेश ३-०१-००५ ख ९७९९ नम्बरको गाडीमा सवार उनलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषध खैरो हेरोइन सहित पक्राउ

*काठमाडौं, ८ कात्तिक*

झापा, कमल गाउँपालिका-३ केर्खाबाट अवैध लागूऔषध खैरो हेरोइनजस्तो देखिने पदार्थ १० ग्राम र नगद १६ हजार ८ सय ५५ रुपैयाँ सहित अर्जुनधारा नगरपालिका-९ बस्ने २६ वर्षीय अजय माझी समेत २ जनालाई प्रहरीले पक्राउ गरेको छ। ईलाका प्रहरी कार्यालय दमक र प्रहरी चौकी केर्खाबाट खटिएको प्रहरीले मे.५ प ९८१८ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा उक्त पदार्थ सहित फेला पारी उनीहरूलाई पक्राउ गरेको हो।

जुम्ला, चन्दननाथ नगरपालिका-७ महतगाउँ भन्ने स्थानबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिन पदार्थ ७ ग्राम ९ सय ६५ मिलिग्राम सहित सोही गाउँपालिका-५ बस्ने २५ वर्षीय निराजन श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय, जुम्लाबाट खटिएको प्रहरीले उक्त पदार्थ सहित फेला पारी उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषध सहित पक्राउ

*काठमाडौं, १६ कात्तिक*

कास्की, पोखरा महानगरपालिका-३० पावरहाउस चोकबाट अवैध लागूऔषध गाँजा ५ केजी सहित सोही महानगरपालिका-१५ घलेचोक बस्ने १९ वर्षीय सलिन खानलाई प्रहरीले पक्राउ गरेको छ। वडा प्रहरी कार्यालय गगनगौडाबाट खटिएको प्रहरीले नारायणगढबाट पोखरातर्फ आउँदै गरेको ग.२ ख २४६ नम्बरको बसलाई जाँच गर्ने क्रममा बसमा सवार खानलाई उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो। बाँके, डुडुवा गाउँपालिका-५ बाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ६ सय मिलिग्राम सहित सोही गाउँपालिका-४ खाले मसाह बस्ने ३६ वर्षीय जगदिश कुमार वर्मा समेत २ जनालाई प्रहरीले पक्राउ गरेको छ। ईलाका प्रहरी कार्यालय, कम्दीबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो।

कैलाली, धनगढी उपमहानगरपालिका-२ त्रीनगर ब्यारेल नजिकबाट अवैध लागूऔषध ब्राउनसुगर करिब ५ सय ५० मिलिग्राम सहित गोदावरी नगरपालिका-५ बस्ने ३० वर्षीय कृष्ण सुनार समेत २ जनालाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय, कैलालीबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषध गाँजा सहित पक्राउ

*सिरहा, १६ कात्तिक*

औरही गाउँपालिका-१ दरैया चोकबाट अवैध लागूऔषध गाँजा १० केजी ७ सय ग्राम सहित बरियारपट्टी गाउँपालिका-३ बस्ने १६ वर्षीय किशोरलाई प्रहरीले पक्राउ गरेको छ। नेपालबाट भारततर्फ जाँदै गरेको बीआर ३३ डब्लु ४७३५ नम्बरको मोटरसाइकललाई प्रहरी चौकी हर्कट्टीबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उनलाई उक्त गाँजा सहित पक्राउ गरेको हो। प्रहरीले घटनाका सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषध चरेश जस्तो देखिने पदार्थ सहित २ जना पक्राउ

*दार्चुला, १८ कात्तिक*

मार्मा गाउँपालिका-२ लाम्बगरबाट अवैध लागूऔषध चरेस जस्तो देखिने पदार्थ करिब २ केजी सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा बैतडी डिलाशैनी गाउँपालिका-२ गन्ना बस्ने मदन घरेडी र दार्चुला अपि हिमाल गाउँपालिका-५ बस्ने ४४ वर्षीय दान सिंह धामी रहेका छन्। विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय, लटिनानाथबाट खटिएको प्रहरीले से.१ ज ६१८ नम्बरको जिपलाई जाँच गर्दा सोही जिपका चालक मदनको साथबाट उक्त पर्दाथ फेला परे पश्चात् अनुसन्धानको क्रममा दान सिंहलाई समेत पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषध सहित दुई जना पक्राउ

*काठमाडौं, १९ कात्तिक*

मोरङ, बिराटनगर महानगरपालिका-१६ भत्केको वालबाट नियन्त्रित लागूऔषध एभिल १३ एम्पुल, लुप्रिजेसिक १३ एम्पुल, फेनारगन १३ एम्पुल र मेडापाम १३ एम्पुल सहित अर्जुनधारा नगरपालिका-११ बस्ने १९ वर्षीया एलिसा दाहाललाई प्रहरीले पक्राउ गरेको छ। ईलाका प्रहरी कार्यालय, रानीबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका उनलाई जाँच गर्ने क्रममा उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो।

सर्लाही, बाग्मती नगरपालिका-११ बाट अवैध लागूऔषध गाँजा करिब ५ किलो सहित सिन्धुली मरिन गाउँपालिका-९ बरुण बस्ने २४ वर्षीय दोर्जे मोक्तानलाई प्रहरीले पक्राउ गरेको छ। ईलाका प्रहरी कार्यालय, कर्मैयाबाट खटिएको प्रहरीले बा.४७ प ९८१७ नम्बरको मोटरसाइकल जाँच गर्ने क्रममा उक्त लागूऔषध सहित फेला पारी मोटरसाइकल चालक दोर्जेलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।



# अन्य अपराध

## चाँदी जस्तो देखिने धातुको विभिन्न सरसामान सहित पक्राउ

*कास्की, २ कात्तिक*

पोखरा महानगरपालिका-३२ मझुवाबाट चाँदी जस्तो देखिने धातुको विभिन्न सरसामानहरू सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा भारत घर भएका २१ वर्षीय राजु कुमार साह र बारा करैयामाई गाउँपालिका-८ बस्ने ३४ वर्षीय सरोज मियाँ मसुर रहेका छन् । वडा प्रहरी कार्यालय गगनगौडाबाट खटिएको प्रहरीले दमौलीबाट पोखरातर्फ आउँदै गरेको ग.१ ख ९३०८ नम्बरको बसमा सवार राजु कुमारलाई १ सय ९३ तोला ९२ लाल र ग.१ ख २६९५ नम्बरको बसमा सवार सरोजलाई ४ सय १३ तोला ५२ लाल बराबरको चाँदी जस्तो देखिने धातुको विभिन्न सरसामान सहित पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## जुवातास खेलिरहेको अवस्थामा ३८ जना पक्राउ

*काठमाडौं, १२ कात्तिक*

ललितपुर, ललितपुर महानगरपालिका-२३ धापाखेल बस्ने होम कुमार लावतीको घरमा जुवातास खेलिरहेको अवस्थामा सोही महानगरपालिका-७ पिलाछे बस्ने ४८ वर्षीय नरेन्द्र महर्जन समेत ६ जनालाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी वृत्त सातदोबाटो र जिल्ला प्रहरी परिसर ललितपुरबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ७ लाख ९९ हजार ३ सय २० रूपैयाँ, रातो रङको क्वाईन २३ थान, तास, कालो रङको क्वाईन २२ थान, सेतो क्वाईन १८ थान र ३ वटा गाडी सहित पक्राउ गरेको हो।

मकवानपुर, हेटौंडा उपमहानगरपालिका-६ चौघडा बस्ने ध्रुव राईको घरमा जुवातास खेलिरहेको अवस्थामा १८ जनालाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी चौकी चौघडा र जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ३१ हजार ८ सय २० रूपैयाँ र १७ थान कौडा सहित पक्राउ गरेको हो। सप्तरी, अग्निसाईर कृष्णसावरण गाउँपालिका-६ महुली बजार बस्ने सिताराम मेहताको घरमा जुवातास खेलिरहेको अवस्थामा कंचनरुप नगरपालिका-१२ बस्ने ३६ वर्षीय दिपक भट्टराई लगायत १४ जनालाई प्रहरीले पक्राउ गरेको छ। ईलाका प्रहरी कार्यालय कंचनपुरबाट खटिएको प्रहरीले उनीहरूलाई नगद २ लाख २१ हजार २ सय ८५ रूपैयाँ र तास १२ बुक सहित पक्रउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## ३० वर्ष कैद सजाय तोकिएका फरार प्रतिवादी पक्राउ

*बर्दिया, २२ कात्तिक*

३० वर्ष कैद सजाय तोकिएका फरार प्रतिवादी ठाकुरबाबा नगरपालिका -८ बस्ने २४ वर्षीय टोपे भन्ने अजिव बुढाक्षेत्रीलाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला अदालत बर्दियाको २०७३ पुस २४ गतेको फैसलाले कर्तव्य ज्यान मुद्दामा १९ वर्ष ११ महिना ६ दिन कैद र थुनुवा भागे भगाएको मुद्दा समेतमा गरी जम्मा ३० वर्ष कैद सजाय ठहर भई फरार रहेका उनलाई जिल्ला प्रहरी कार्यालय, बर्दियाबाट खटिएको प्रहरीले पक्राउ गरेको हो।

ठाकुरबाबा नगरपालिका-८ बस्ने ६९ वर्षीय जोरा सिंह भन्ने जोरे थापा आफ्नै घरको बरण्डामा सुतिरहेको अवस्थामा २०७२ फागुन ५ गते अजिवले घरायसी रिसिईबीका कारण धारिलो हतियार दाउ प्रहार गरी हत्या गरी फरार भएको भन्ने जानकारी प्राप्त भई तत्काल खटिएको प्रहरीले अजिबलाई पक्राउ गरी फैसला कार्यान्वयनको लागि २०७२ फागुन ३० गते सम्मानित बर्दिया जिल्ला अदालत गुलरियामा उपस्थित गराएकोमा निजको बयान कार्य सम्पन्न पश्चात् शौचालय जान्छु भन्ने बहाना गरी शौचालयको भेन्टिलेसनबाट निस्की फरार भएका थिए। पक्राउ पश्चात् उनलाई सम्मानित बर्दिया जिल्ला अदालत गुलरियामा पेश गरिएकोमा अदालतको आदेशले कैद भुक्तानको लागि कारागार कार्यालय बर्दिया पठाइएको छ।

## आगलागीबाट करिब ५ करोड रुपैयाँ बराबरको धनमाल जलेर नष्ट

*झापा, २९ कात्तिक*

बिर्तामोड नगरपालिका-५ बस्ने राजु बंशलको सोही ठाउँ मुक्ति चोकस्थित रहेको बंशल रेडिमेट सेन्टरमा आगलागी हुँदा रेडिमेट सेन्टरको सम्पूर्ण सामान जलेर करिब ५ करोड रूपैयाँ बराबरको धनमाल नष्ट भएको छ।

आगलागी भएको भन्ने जानकारी प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय, अनारमनीबाट खटिएको प्रहरीले बिर्तामोड नगरपालिका, मेची नगरपालिका, कमल गाउँपालिका र भद्रपुर नगरपालिका गरी ४ वटा दमकल र स्थानीय बासिन्दाहरूको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

## निर्वाचन सम्बन्धी १५ हजार मतपत्रहरु सहित एक जना पक्राउ

*पर्सा, ३० कात्तिक*

जगरनाथपुर गाउँपालिका-२ दशौतास्थित सडकबाट प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन सम्बन्धी १५ हजार मतपत्रहरु सहित भारत बिहार राज्य पश्चिम चम्पारन नरकटिया ग्राम पंचायत-१४ ठेगाना भएका ४० वर्षीय ईजाजत अहमदलाई प्रहरीले पक्राउ गरेको छ।

उक्त स्थानमा भारतबाट नेपालको दशौतातर्फ आउँदै गरेको बिआर २२ डब्लु ८००२ नम्बरको भारतीय मोटरसाइकललाई ईलाका प्रहरी कार्यालय, पोखरीया र बिओपि भिखमपुर पर्साबाट खटिएको संयुक्त टोलीले जाँच गर्ने क्रममा मोटरसाइकलको पछाडीको सिटको भागमा हरियो रंगको बोरामा उक्त परिमाणको मतपत्रहरू फेला पारी मोटरसाइकल चालक अहमदलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।



# उत्कृष्ट अनुसन्धान

## मुद्दा शीर्षक – कर्तब्य ज्यान

मिति २०७९।०६।०५ गते दिनको अन्दाजी १५:४० बजेको समयमा जिल्ला इलाम, चुलाचुली गाउँपालिका वडा नं. ५ बुकुवा रतुवा खोलाको झोलुङ्गे पुल स्थितमा मोबाईल चोरी गर्ने दावा तामाङलाई पक्राउ गरेका छौं लिन आउनु भनी झुटा कुरा गरी मेरो श्रीमान एल बि भन्ने लाल बहादुर गुरुङलाई फोन गरेर बोलाई धारिलो हतियारले कर्तब्य गरी मार्ने योजना बनाई श्रीमान सहित श्रीमानको साथीहरु समेत जानु भएपछि आरोपितहरु टिका भन्ने नरेन्द्र तुम्रोक, शिव हिङमाङ भन्ने नरेन्द्र दर्जी, बिक्रम हिङमाङ (नेपाली), दिलबरे भन्ने मनिराम फियाक लिम्बु, डम्बर लिम्बु भन्ने डम्बर कुमार एवा, झ्याम्ले भन्ने नरेश कुमार याखा, पर्शु भन्ने पर्शुराम राई, सेसे भन्ने सेसेहाङ याखा, अन्तरे भन्ने रोहित लिम्बु, मंगल भन्ने अनिश लावती, अभिषेक भन्ने अविसेक केरुङ, सन्तु भन्ने चन्द्र कुमार यवा र समिर भन्ने समिल राई समेतले योजनाबद्ध तरिकाले मेरो श्रीमानलाई एक्कासी धारिलो हतियार, खुकुरी, ढुङ्गा, गुलेली समेतले शरीरको विभिन्न भागमा पटक-पटक प्रहार गरी गम्भीर घाईते बनाएकोमा सोही चोट पीडाको कारण मेरो श्रीमानको मृत्यु भएकोले वारदातमा संलग्न निजहरुलाई कारवाही गरिपाउँ भन्ने व्यहोराको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान प्रकृया पूरा गरी सम्मानित ईलाम जिल्ला अदालतमा मुद्दा पेश हुँदा सम्मानित अदालतको २०७९।०७।०६ गतेको आदेश अनुसार घटनामा संलग्न १३ जना प्रतिवादीहरु पूर्पक्षको लागि कारागार कार्यालय ईलाम पठाईएको ।

## मुद्दा शीर्षक – अपहरण तथा जबरजस्ती करणी

मिति २०७९।०६।२० गते राती अं.२३:०० बजेको समयमा प्रतिवादी सौगात परियारले परिवर्तित संकेत नाम २०७९/०८० को ५१ (झ) पिपरालाई जिल्ला कपिलवस्तु बाणगंगा नगरपालिका वडा नं.१ स्थित बैरिया भन्ने स्थानमा बिबाह गर्छु भनी झुक्काई आफ्नो मामाघरमा लगी मामा घरको कोठामा जबरजस्ती करणी गरेको र मिति २०७९।०६।२२ गते दिउँसो अं.१६:०० बजेको समयमा कपिलवस्तु जिल्लाको बाणगंगा नगरपालिका अन्तर्गत वनगाईबाट अर्घाखाँची घर सम्म पुर्‍याईदिन्छु भनी विश्वासमा पारी जिल्ला कपिलवस्तु बाणगंगा नगरपालिका वडा नं.९ पडरिया स्थित जंगल भित्र लगी प्रतिवादी मिथुन थारुले मलाई जबरजस्ती करणी गरेकोले दुवै जनालाई मुलुकी अपराध सहिता २०७४ को दफा २१९ वमोजिम कारवाही गरिपाँउ भन्ने ब्यहोराको जाहेरी दरखास्त प्राप्त भएकोमा सम्मानित कपिलवस्तु जिल्ला अदालतको मिति २०७९।०७।१८ गतेको आदेशले प्रतिवादी सौगात परियार भन्ने सौगात दमै र मिथुन थारु पुर्पक्षको लागी कारागार चलान भएको।

## मुद्दा शीर्षक – ज.ज.क.

मिति २०७९/०६/३१ गते अं.१२;३० बजेको समयमा म जाहेरवालाको बालिका छोरी जिल्ला चितवन भरतपुर म.न.पा. वडा नं. ०२ क्षेत्रपुर बस्ने बर्ष १२ की हाल नाम परिवर्तित ३५ भरतपुर (२७) ०७९/०८० लाई जिल्ला चितवन, भरतपुर म.न.पा.१२ घर भई हाल ऐ. वडा नं.०२ बस्ने बर्ष ५३ गम्भिर गुरूङले आर्थिक प्रलोभन देखाई, ललाई फकाई, डर, त्रास देखाई ज्यान मार्ने समेत धम्की देखाई पटक-पटक जवरजस्ती करणी गरेको कुरा छोरीले बताएकी हुँदा निज अन्यायी लाई पक्राउ गरी कानून बमोजिम कारवाही गरिपाउँ भन्ने समेत व्यहोराको हाल नाम परिवर्तित मितेरीटोल (क) अनुता देवीको जाहेरी दरखास्त प्राप्त भएकोमा सम्मानित चितवन जिल्ला अदालतको आदेशले मिति २०७९/०७/२३ गते पुर्पक्षको लागि कारागार चलान भएको ।

## मुद्दा शीर्षक – मुद्रा सम्बन्धी कसूर

मिति २०७९।०७।०२ गते बेलुका अं.२१:०० बजेको समयमा जिल्ला कपिलवस्तु कृष्णनगर नगरपालिका वडा नं.८ बहादुरगंज स्थित बहादुरगंज बजारमा मेरो कमाण्डमा गस्तीमा खटिएको प्रहरी टोलीले जिल्ला कपिलवस्तु कृष्णनगर नगरपालिका वडा नं.९ घुरण्डीहवा बस्ने अं.बर्ष ३४ को राजेन्द्र यादव लाई शंकास्पद अवस्थामा हिँडिरहेको फेला पारी निजलाई कानूनी रितपूर्वक खानतलासी गर्दा निजले लगाएको निलो कलरको कपडाको पाईन्टको अगाडि दाहिनेतर्फको गिँजोमा नेपाली १,०००।- हजार दरको नोट थान ५ फेला परेकोमा उक्त नोटहरु नियालेर हेर्दा ४ वटा नोट एउटै सिरियल नम्बर २२४६३१ रहेको र १ थान नोट छुटै सिरियल ३८२०५६ नम्बर भएको नोट फेला पारी रितपूर्वक बरामद गरी स्थानीय मानिसहरुको रोहवरमा खानतलासी बरामदी मुचुल्का समेत गरी सो नोटहरु साथमा लिई हिँड्ने निज राजेन्द्र यादवलाई तत्कालै जरुरी पक्राउ पूर्जी दिई वरामद दशी यसै प्रतिवेदन साथ दाखिला गरेका छौं । निज उपर थप अनुसन्धान गरी कानून बमोजिम कारवाही गरिपाउँ भन्ने समेत ब्यहोराको प्रहरी प्रतिवेदन सम्बन्धमा सम्मानित कपिलवस्तु जिल्ला अदालतको मिति २०७९।०७।२८ गतेको आदेशले प्रतिवादी राजेन्द्र यादव पुर्पक्षको लागि कारागार गएको ।

## मुद्दा शीर्षक – ज.ज.क. र बहु बिबाह

अन्यायी दिपक सुनार मेरा पति हुन अन्यायी र म जाहेरवालीको २०७६ सालमा प्रेम बिबाह भएको हो । अन्यायी र म बाट मिति २०७७ सालमा छोरा दिवान सुनारको जाय जन्म भएको छ, हाल म ८ महिनाको गर्भ अवस्थामा छु, अन्यायीले मलाई बिबाह गरे देखि नै कुटपिट गर्ने झै-झगडा गर्ने बानी थियो, रात दिन मोबाईलबाट केटीहरुसँग कुराकानी गर्ने गरेको थियो । मैले किन को केटीसँग कुराकानी गर्ने रहेछन् भनी सोधखबर गर्दा अन्जु सुनारसँग कुरा गर्ने गरेको रहेछ किन यस्तो गर्नु हुन्छ भनी भन्दा मिति २०७९ साल भदौ ८ गते बिना कारण मलाई घरमा खान बस्न समेत नदिई घर निकाला गर्दा माईतमा गई बसेकी थिँए । मेरो खोज खबर नगरेपछि मिति २०७९।०६।२८ गते दिउँसो म घरमा आउँदा अन्जु सुनार कोठामा देखी के कँहा आएकी भनी भन्दा हामीले बिबाह गरी आएका हौ भनी जवाफ दिईएकी थिई अन्यायीले किन घरमा आएको भनी पुन: घरमा बस्न नदिँदा अन्यायीमा परी यो जाहेरी पेश गर्न आएकी छु अन्यायी दुबै जनालाई पक्राउ गरी कानून बमोजिम गरिपाउँ भन्ने समेत ब्यहोराको सिमा सुनारको जाहेरी दरखास्त प्राप्त भएकोमा सम्मानित कञ्चनपुर जिल्ला अदालतको मिति २०७९।०७।२३ गतेका आदेशले प्रतिवादी दिपक सुनारलाई पुर्पक्षका लागि कारागार पठाएको र अन्जु सुनार परिबर्तित नाम ७५(१९) कुमारीलाई अभिभावकको जिम्मा लगाई छोडेको ।

## मुद्दा शीर्षक – ज्यान सम्बन्धी कसुर

मिति २०७९।०६।२० गते अं.१४:१५ बजेको समयमा सशस्त्र प्रहरी बल, नेपाल नं.६ गण हे.क्वा. सप्तरी दरबन्दी भई स.प्र.बल नेपाल बि.ओ.पि.छिन्नमस्ता सप्तरीमा कार्यरत रहेका जिल्ला सिरहा, भगवानपुर गा.पा.२ नहरा बस्ने अं. बर्ष ४५/४६ को सशस्त्र प्रहरी सहायक निरीक्षक सत्य नारायण देश भारत बिहार राज्य मधुवनी जिल्ला जिरोगा ग्रामपन्चायत ९ घोरदह खोलाको किनारमा (दशगजा देखि अं.३ कि.मी.भारततर्फ) शरीरमा कपडा नभई टाउको र कानमा चोट लागि मृत अवस्थामा फेला परेको घटना सम्बन्धमा अनुसन्धान गर्दै जाँदा घटनामा संलग्न सशस्त्र प्रहरी जवान होम बहादुर खत्रीलाई पक्राउ गरेकोमा पक्राउ प्रतिवादी होम बहादुर खत्री पुर्पक्षको लागी कारागार चलान भएको ।

# अपराध अनुसन्धान विभाग
# नागरिक सूचना इकाई द्वारा प्रकाशित
# मासिक ई- बुलेटिन

सत्य सेवा सुरक्षणम्

**नेपाल प्रहरी प्रधान कार्यालय**
**अपराध अनुसन्धान विभाग**
**नक्साल काठमाडौं**

Email: cicu@nepalpolice.gov.np, cidpiuphq@gmail.com Web: www.cid.nepalpolice.gov.np
मोबाईल: ९८५१२९९१९९ फोन: ०१- ४४१२७४८